फोन-फ्याक्स
०८२-५६०१६२, ५६०२४३,
५६१२६८, ५६०७००,
५६०४९९
www.ghorahimun.gov.np

# घोराही उप महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

घोराही, दाङ, ५ नं. प्रदेश, नेपाल

visit nepal 2020 Lifetime Experiences

प.सं.०७६/७७(सूचना)
च.नं. ६६१२

मिति: २०७६।१२।१०

**विषय: COVID-19 सम्बन्धी कार्ययोजना कार्यान्वयन सम्बन्धमा ।**

श्री घोराही उप-महानगरपालिका,
जनस्वास्थ्य प्रवर्द्धन शाखा/ सरसफाई व्यवस्थापन शाखा/विपद व्यवस्थापन शाखा/ सबै वडाहरु
दाङ ।

उपरोक्त सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. वा.त.वि.व्य.शा./०७६/०७७ च.नं. ४३६ मिति २०७६।१२।०९ गतेको प्राप्त पत्रानुसार विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (COVID -19)को रोकथाम तथा नियन्त्रणको लागि गठित उच्चस्तरीय समन्वय समितको निर्णय अनुसार संलग्न कार्ययोजना अनुरुप स्थानीय तहहरुबाट गर्नुपर्ने देहाय अनुसारको कार्य हुनका साथै सोको प्रतिवेदन निरन्तर यस उपमहानगरपालिकाको सूचना तथा सञ्चार प्रविधि शाखामा दैनिक रुपमा पठाउनुहुन आदेशानुसार अनुरोध छ ।

देहाय:

१. प्रत्येक वडा कार्यालय मार्फत विदेशबाट फर्किएका व्यक्तिहरुको विवरण अद्यावधिक गरी आवश्यक रेखदेख तथा निगरानी गर्ने र सो को संख्यात्मक विवरण दैनिक रुपमा ९८४७८६२६७८ मा जानकारी गर्नुहुन ।

२. उप महानगरपालिकाको प्रवेशद्वारमा रहेको हेल्पडेस्कमा चेकजाँच भएको संख्यात्मक विवरण दैनिक रुपमा यस उपमहानगरपालिकाको सूचना तथा सञ्चार प्रविधि शाखामा दैनिक रुपमा ९८४७८६२६७८ मा जानकारी गर्नुहुन ।

२. मानिसहरुको जमघट हुने सार्वजनिक स्थलहरुमा दैनिक रुपमा Disinfection एवं सरसफाई गराउने ।

३. कार्यालयको भवन तथा परिसरको नियमित रुपमा सरसफाई गर्ने तथा कार्यालय प्रवेशद्वारमा अनिवार्यरुपमा सेनिटाइजर वा साबुन पानीले हात धुने व्यवस्था मिलाउने ।

भीम बहादुर चौधरी
तथ्याङ्क अधिकृत
२०७६।१२।१०